# Living the Lotus

*Buddhism in Everyday Life*

9
2024
VOL. 228




## अमेरिका र जापानका सदस्यहरू २०२४ Nisei हप्तामा सामेल लस एन्जलसमा भव्य परेड, अगस्ट ११



Photos: Richard Kano

**Living the Lotus**
**Vol. 228 (September 2024)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्य बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: साचि मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्य बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवार्नो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।
रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवार्नो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो । यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।

*President's Message*



# मनमा खेती गरेर बुद्ध उत्खनन गर्ने

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## ब्राह्मण र शाक्यमुनिको संबाद

यो संस्था स्थापनाको ६०औ वार्षिक उत्सब (१९९८) मा मैले याकुशिन भन्ने एक पत्रीका (कोसेइ प्रकाशण) मा मैले एस्त कुरा गरेको थिए:

“म सानो छदा खेतबारीमा गएर खेतिको काम सघाउने गर्थे। खेती गरिएको र नगरिएको जमिनमा धेरै फरक हुन्छ। खेती नगरिएको जमिन निकै सारो हुन्छ र तेस्ले केहि पनि लिन सक्दैन तर खेती गरिएको जमिन मन मलिलो हुन्छ तेस्ले मल जल दुबै लिन सक्छ। तेस्तै एदी हाम्रो मन मलिलो छ भने त्यो लचकिलो हुन्छ र बिना कुनै प्रतिसोध सबै कुरा बिनम्रसँग लिन सक्छ” भन्ने कुरा गरेको थिए र हामी सबैले “आफ्नो मन मलिलो बनाउनु” धेरै महत्व पुर्ण हुन्छ भनेर भनेको थिए जुन मैले पटकपटक भन्ने गरेको छु। र एस्तै कुरा सुत्तनिपत्त ग्रन्थमा शाक्यमुनी र ब्राहमणको कथामा पनि छ।

यहाँ फेरी एक पटक त्यो कुरा दोहराउन चाहन्छु।

खेती गर्ने काम सक्किएपछी मजदुरहरुहरुलाई अन्न बाढ्दै थिए एक ठुला जमिन्दार ब्राह्मण। तेसैबेलामा भिक्षा मग्न आएक शाक्यमुनिलाई देखेर उनिले ब्यङ गर्दै ‘"तपाईंले पनि बिउ छरेर अन्न फलाएर जिबिका बिताएमा कस्तो होला ?” भनेर। तर शाक्यमुनी चाही मुस्कुरौदै नरम हुँदै भने “ मैले पनि खेती गर्ने गरेको छु नि” तर ति ब्राह्मणले भने बिश्वास नगर्दा शाक्यमुनिले भनेका छन्दहरु  छन:

"अनुशाशनको बर्षामा आस्था म रोप्छु, बुद्धी र बिनम्रता मेरा हलो हुन, मनले बियोलाई बाधेर आत्मनिरिक्षण नै मेर कुशी र लाठी हुन, मध्यम बोल्ने अनि कम खाने, सत्यको रक्षा मेरा अन्न हुन, आस्थालाई बोक्ने गोरुको जुवा बिस्तारै छोड्छु जसले शान्तिक्षेत्रमा पुराउछ मलाई, यो पथमा नहटी अघी बढेमा पछुतो हुन्न, किनकी मेरा अन्न अमर छन, एस्ता खेतिले नै मलाई सर्बदुखबाट मुक्ती दिनेछ"। (मनलाई मलिलो बनाउने। निचिको निवानो, कोसेइ प्रकाशणा बाट)।

यो श्लोक र छन्दको पृष्ठभुमिमा शाक्यमुनिकोबेलाको खेतिको कुरा छ। पहिला जापानमा पनि गोरु र हलोले खेती गर्ने गरिन्थ्यो। शाक्यमुनिले खेतलाई मन र तेसम हलो लगाउने भनिएको छ र गोरु र हलो चलाउने बुद्धी लगाउन तेस्मा चाइने  हलोको जुवा र सुइरोको महत्व हुन्छ। एस्मा भनिएको “बिनम्र भएर”

भन्ने कुरा पनि आफुले आफुलाई आत्मनिरिक्षण गर्न सक्नेले नै हलो चलाउने बुद्धी पैदा हुन्छ र त्यो शक्तिले गर्दा मन मतलब खेतमा खेती हुने गर्दछ।

## बुद्धधर्मको सर्बज्ञान यो छन्दमा नै

शाक्यमुनिले अहिले खेती गरेर बाली भित्राउनेहरुलाई एकदम मिल्ने गरी उपाय ज्ञानद्वारा खेतमा खेती गरे झै आफ्नो मनमा आस्थाको बिउ रोपी तेसलाई अन्नमा परिणत गर्नुको महत्व के हो भनेर उपदेश दिएका हुन। बुद्धधर्मका ज्ञाता मासुतानी फुमियोले यो छन्द एक अद्भुत शिक्षण उपदेश दिने एक उधाहरण हो र एस्मा नै " बुद्धधर्मको सरल तर गुदी भएको ब्याख्या हो" भनेर भनेका छन। आस्थाको बिउ मनमा रोपेमा अनन्त शान्ति मिल्छ र साथमा "सर्बदुखबाट मुक्ति" मिल्नेछ। साथमा जस्तो गरेर भए पनि शान्ति खोज्ने सबैको कामना यो लघु छन्दमा सघन रुपमा प्रस्तुत छ र यो उपदेश बुझ्ने सबैजना आफ्नो इक्षा अनुरुप अघी बढ्न सक्छन भनेर सोच्न सकिन्छ।

तर एक चोटी मात्र आफ्नो मनलाई मलिलो बनाउदैमा सर्बदुखबाट पार भनिन्छ भन्ने सोच हो भने तेस्तो पक्कै होईन भन्ने मलाई लाग्छ। मनलाई मलिलो बनाउदै खेती जारी गरी बुद्धत्वलाई जागृत गराउने कुरा महत्वपुर्ण हुन्छ र तेस्ले नै शान्तिसँग जोड्ने गर्छ। यो अर्थमा पनि बुद्धत्वलाई बुझ्ने कुरा अझ गहिरो पार्ने कुरा सोच्दै जानु पर्छ भन्ने लागेको छ।

From *Kosei*, September 2024



# Interview

## "पहिला अरुहरु" भन्ने बोधिसत्व कर्म मनमा कुदेर धेरैलाई बुद्धको उपदेश फैलाउने चाहना

क्याम्बोडिया फुनोन्पेन होजा सेन्टर, सोर सोङ्हेङ्

**तपाईं क्यमबोडियाको धर्मको एक मुल जड हुनुहुन्छ भन्ने सुनेको छु तर तपाईं कसरी र कहिले कोसेइकाइसँग जोडिनु भयो ?**

२००५मा फुनोन्पेनमा जापानका निचिरेनका भिक्षुहरुले "पुण्डरिक न्यालि" आयोजना गरेका थिए जस्मा क्याम्बोडिया, थाइल्यान्ड र श्रीलन्काका थेरावादा बौध धर्मिले पनि भाग लिएका थिए र करिब २०० जनाका ति भिक्षुहरुले ढोलक बजाउदै भिभिन्न देशका भजन गाउदै एसिया र बिश्वको शान्तिको अपिल गरेका थिए। मैले पनि क्याम्बोडियाकोतर्फ बाट तेस्मा भाग लिएको थिए र त्यो बेलामा निचिरेन जापानबाट आएका भिक्षु उनेजु रेइजि (पूर्व शिक्षा बिभाग सदस्य) सँग भेट भयो र कोसेइ काइ के कस्तो संस्था हो भनेर वहाँबाट जानकारी पाए। तेस्पछी पनि वहाँ धेरैचोटी क्याम्बोडिया आउनु भयो र कोसेइ काइ र गाकुरिनको बारेमा अझ गहिरोसँग बुझाउनुभयो। उमेजुजिले कोसेइ काइको आस्थाको बारेमा लगशिल भएर कुरा गरेको देख्दा र यो उपदेशको सुन्दरता सिकेपछी मलाई "अझ कोसेइ काइको बारेमा अझ सिक्छु" भन्ने लागेर २०१०मा बिदेशी विद्यार्थी पढ्ने गाकुरिन कोसेइ काइको बिद्यालयमा भर्ना हुन्छु भनेर निर्णय गरे।

**रिश्शो कोसेइ काइको के कुरा सबैभन्दा मन पऱ्यो ?**

छोटकरिमा भन्दा 'पहिला अरुहरु" भन्ने कुराले मेरो मन छोयो र एस्ले मलाई सोच्न बाध्य पनि बनायो। किनकी मेरो देशमा गृहयुद्ध चलिरहेको थियो र "पहिला अरु" भन्दा पनि आफ्नो सुरक्षा मात्र सोच्ने र आफ्नो जिवनको कुरा मात्र सोच्ने गरिथ्यो। तेसैले उमेजुजिले भन्नुभएको "पहिला अरुहरु" उपदेश सुन्दा "किन ?" भन्ने सोच आएको थियो। तर सिक्दै जादा "पहिला अरुहरु" भनेको "अरुहरु सुखी हुन्" भन्ने कामनाको अभ्यास जुन बोधिसत्वको जिवनी हो भन्ने कुरा बुझ्न थाले। जस्तोकी कसैले भारी सामन बोक्दै छ भने साहयता गरिदिनु, ढोका खोलिदिनु पनि अरुकोनिम्ती गरिने अभ्यास हो जुन धेरै महत्वपुर्ण हुन्छ भन्ने लाग्न थालेको छ।



*सोर सोङ्हेङ्जि*

**गाकुरिनमा पढ्दा खेरिको कस्ता कुरा सम्झनु हुन्छ ?**

मैले सबिभन्दा सम्झिने कुरा भनेको सौचालय सफा गरेको कुरा हो। मैले क्यम्बोडियामा एस्तो अनुभव गरेको थिइन अहिले सम्झिदा "सौचालय सफा गर्नु परेको थियो" होईन कि "सफा गर्न पाए" भन्ने भावना छ र म धेरै कृतज्ञ छु। त्यो बेलामा शिक्षकले "सौचालय सफा गर्नु भनेको आफ्नो मनबाट फोहोर फाल्नु जस्तै हो" भनेर सिकाउनु भएको थियो र मैले सधै मैले सफा गरेको सौचले अरुले प्रयोग गर्न पाए भनेर खुशी भएको र मन चङ्गा भएको कुरा अहिले पनि सम्झिन्छु। एस्तो गरी दुइ बर्ष गाकुरिनमा बिताएको समयले मलाई मानवको रुपम बिकाश गराएको महत्वपुर्ण समय थियो भन्ने लागेर मन देखी नै आभारी छु।

### गाकुरिनमा सिकेको र अहिले पनि मनन गरेको उपदेश केहि छन ?

मैले सधै अष्ट आर्य मार्ग उपदेशलाई महत्व दिने गर्छु । अष्ट आर्य मार्ग मतलब सही दृष्टि, सही सोच, सही बोलि, सही कर्म, सही जिवनि, सही भक्ति, सही मनन र सही समाधी भन्ने ८ सत्यलाई बुझाइएको छ । हामिहरुले दैनिक घरमा, बिद्यालयमा अनि समाज हुने बिबाद र उल्झनलाई सामना गर्नु पर्ने हुन्छ । तेसैले नै हामीले सन्तुलित हुन अष्ट आर्य मार्गलाई उपायोग गर्नु महत्वपुर्ण हुन्छ भन्ने लाग्छ । यो अष्ट मार्ग एकअर्कामा संबन्धित हुन्छ । जस्तो कि मेरी श्रीमती अहिले एक म्यनेजर हुन र उनका २० कर्मचारी छन र उनिले ति सबैको कुरा सोचेर नरम शब्द र दयालु अनि सही बोलिको अभ्यास गरिरहेकी छिन ।

### फुननपेन होजामा के कस्ता गतिबिधी भैरहेका छन ?

म २०१२ को मार्चमा जापानबाट गाकुरिन सकेर यहाँ फर्केपछी होजा सन्चालन भएको हो । तर होजा गर्न ठाउ नभएर म बस्ने घरमा महिनाको एकचोटी सबै जम्मा भएर गर्ने गरिन्थ्यो । तेस्पछी दक्षिण एसिया प्रमुख शिमामुराजी (अहिलेका उवाजिमा मन्दिर प्रमुख) बैंककबाट तीनमहिनमा एकपटक क्यम्बोडिय भ्रमण गरी धर्मको प्रचार र होजाको बारेमा सिकाउने गर्नुहुन्थ्यो । अहिले पनि हरेक महिना होजा गरिन्छ र अध्यक्षले गर्ने प्रवचनको आधारमा धर्मसंबाद गरेर सबैजनाको आफ्नो आफ्नो बिचारहरु प्रस्तुत गरी एकअर्काको कुरा बुझ्ने गरेका छौ । अहिले फुननपेन होजामा ६८ सदस्य छन ।



*फुनपेन होजाका सदस्यहरुसँग (बिच दाहिने पछील्तिर)*



*सोर सोङ्हेङ्जी परिवारसँग (दहिने)*

### अहिले आफ्नो काम गरी होजा नायकको कार्य गरी रहनु भएको छ यो काम गर्द के कुरामा ध्यान दिनु हुन्छ ?

२०१५मा मैले यो पद पाएको हु र एसैको कृपाले अरु सदस्यलाई तेदोरी गर्ने अनि होजाद्वरा धर्मको कुरा सिक्ने मौका पाएको छु । सदस्यलाई दिनु पर्ने जनकारिआदिलाई अचेल SNS प्रयोग गर्दा सजिलो र भरपर्दो भएको छ । तर मलाई तेदोरी भनेको आफुलाई अझ उच्च बनाउने तालिम हो र अरुलाई मन बाढ्ने बोधिसत्व कर्म हो भन्ने लागेकोले काममा भ्याएसम्म सदस्यको घर भ्रमण गर्ने गरेको छु । र भेटेर "सबै ठीक छ ? काम कस्तो चली रहेको छ ?" भन्ने जस्ता कुराहरु सोध्ने गरेको छु । यो नायकको पदको काम मैले अझै राम्रोसँग गर्न सकेको छैन र सिक्न पर्ने कुरा धैरै छन तर यो काम बुद्धले दिएको अमुल्य र सम्मनजनक कर्म हो भनेर खुशी र कृतज्ञ छु ।

### मनको साहरा बनेका संस्थापक र अध्यक्षका कुनै उपदेश छन ?

संस्थापक १६ बर्ष हुँदा टोक्यो जाने भनेर रेलमा चढ्दा "६ प्रण" गर्नुभएको रहेछ र ति प्रणमा "काम गर्दा अरुले नहेरे पनि मेहेनत गरेर कम गर्छु" भन्ने रहेछ। हामीहरु अरुहरुले नहेरेमा तेत्तिकै अल्छि भयेर काम ठग्ने गर्छौ तर मलाई संस्थापकले भनेको अरुले नदेखे पनि मेहेनत गर्ने भन्ने शब्द मेरो मनमा कुदेर आफ्नो अफिसमा त्यसरी नै काम गर्ने गरेको छु।

र अध्यक्षले सधै "भक्ति, भक्ती जिबनभर भक्ति, पुनर्जन्मपछी पनि भक्ति" भन्ने उपदेश दिनु हुन्छ तेसैले मेहेनत र भक्ती एति भए पुग्छ भन्ने होईन कि सधै भक्तिलाई जारी गरि, हसिलो र दयालु मानव बन्न सकौ भन्ने लाग्छ।

### अन्तमा भबिष्यको सपना सुनाइदिनुस न।

मैले कोसेइ काइको "एक भोजन दान" कार्यक्रम जस्तै गरी अहिले प्राथमिक बिद्यालयका विद्यार्थीलाई शैक्षिक सामाग्री प्रदान गर्ने काम गरेको छु तेस्लाई र अझ अघी बढाउछु भन्ने छ। साथमा "पहिला अरुहरु" भन्ने बोधिसत्व भावनलाई मनन गरी क्यम्बोडियाको जनताको खुशिको कामना गरी बुद्धको उपदेश अझ फैलाउन कडा मेहेनत गर्छु भन्ने लागेको छ।



*शैक्षिक सामग्री पाउने बिद्यार्थिसँग*


# बुद्धधर्मका तीन महत्वपुर्ण दिन

बुद्धधर्ममा यि तीन दिनलाई ठुलो महत्व दिइन्छ र रिश्शो कोसेइ काइको दाइसेइदो हलमा यि तीन पुजा गरिन्छ।
अप्रिल ८ बुद्ध जयन्ती (शाक्यमुनिको जन्म दिन)
डिसेम्बर ८ बोधी पुजा (शाक्यमुनिले बुद्धत्व प्राप्त गरेको दिन)
फेब्रुअरी १५ निर्वाण पुजा (शाक्यमुनिको देहाबसन भएको दिन)

यी तीन दिनहरुको पुजामा शाक्यमुनिले हामीलाई सत्य बुझाएको भनेर आभारी हुने गरिन्छ। र उपदेशलाई अभ्यास गरी धैरैको निम्ती सुकर्म गर्छु भनेर प्रण गरिने गरिन्छ।

बोधी प्राप्ती पुजा (सेदोए डिसेम्बर ८)





निर्वाण पुजा (नेहानाए फेब्रुअरी १५)



बुद्ध जयन्ती पुजा (गोतनाए अप्रिल ८)

**थाहा छ ?**

बुद्ध जयन्तिमा फुलहरुले सजाइएको “हानामिदो” बेदिकोबिचको बुद्ध मुर्तिमा गुलिओ चिया खनाइन्छ। यो कुरा शाक्यमुनी जन्मिदा आकशबाट ड्र्यागनले गुलियो पानी खनाइदिएको थियो भन्ने किंबदन्तिलाई चित्रण गरिएको हो।

*यो कमिक निजी प्रयोजन बाहेक बिना अनुमती प्रतिलिपी बनाउन र छाप्न निषेध गरिएको छ।*

# नयाँबर्ष मन्दिर दर्शन







जनवरी १ म नयाँ बर्ष रमाएर मनाउदै बर्षभरी शान्ति होस भनेर कामना गरिन्छ।
कोसेइ काइमा पनि यो दिन सबेरै दाइसेइदो हलमा कार्यक्रम हुन्छ र नयाँ बर्ष मनाइन्छ।

गोहोन्जोन प्रतिमालाई पुजेर नयाँ बर्षको सुरुवात गरी आफ्नो लक्ष मनन गरिन्छ। यो प्रणलाई “केचुजो” भनिन्छ। लक्षप्राप्ती गर्न मेहेनत गर्छु भनेर प्रण गर्ने या बिश्वमा शान्ति छाओस भनेर कामना गर्द मन चङ्गा हुन्छ।

**थाहा छ ?**

“केचुजो” भनेको बिश्वासमा अडिग भएर मनलाई दृढ बनाउने भन्ने कोसेइ काइमा धेरै प्रयोग हुने शब्द हो। नयाँ बर्षको दर्शमा “केचुजो” गरेको कुरालाई बर्षभरी पालन गरौ है।

*यो कमिक निजी प्रयोजन बाहेक बिना अनुमती प्रतिलिपी बनाउन र छाप्न निषेध गरिएको छ।*

# बुद्धसँगको गहिरो नाता

## बुद्धसँगको संबन्ध बोधपछी

Rev. Nikkyo Niwano
Founder of Rissho Kosei-kai



यसरी बुद्धसँगको सम्मानित "संबन्ध" गासिएपछी हाम्रो जिवनी प्राकृतिकरुपमा परिवर्तन हुन्छ नै।

म धेरै हिउ पर्ने निगाताको गाउमा हुर्केको हु र जब म हिउले लतपत भएर घर फर्किन्थे मेरा हजुरबाले मलाई वहाँको ओड्निभित्र राखेर न्यानो बनाइदिनुहुन्थ्यो। र वहाँले सधै भन्नुहुन्थ्यो कि: "हामी भनेको काम गरेर खाने मात्र भए त त्यो त किराको जस्तै जिवनी हुन्छ नि खाने मात्र त किरा फट्याङ्ले पनि गर्छन। मानव भएर जन्मेपछी परिवारकोलागी मात्र होईन कि समाजकोनिम्ती काम लाग्ने बन्नु पर्छ" भनेर।

वहाँको यो कुरा सानैदेखी मेरो दिमागमा गहिरोसँग घुसेको थियो र जब कसैलाई मद्दत चाहिएको देख्दा म चुपचाप बस्न सक्दिनथे "र केहि गर्नु पर्छ" भनेर सोच्ने गर्थे। र तेसैले सबैलाई सुख दिलाउने पुण्डरिक सुत्रसँग भेट भयो र मैले रिश्शो कोसेइ काइ स्थापना गरेको हु।

अहिलेका मान्छेहरु आफ्नो व्यक्तिगत स्वार्थ र फाइदा बाहेक केहि सोच्दैनन भनिन्छ र तेस्तो भएको यो समाजकोनिम्ती केहि गर्दा पाइने खुशीलाई नबुझेर हो कि जस्तो लाग्छ। दुख पाएकालाई साहयता गर्दा प्राप्त हुने कृतज्ञताको खुशी भनेको सच्चिनै अदभुत हुन्छ। यो स्वाद पाएपछी अरुलाई खुशी दिन सकिने अभ्यास गर्दा आफुले पाउने खुशीको छोटो बाटो पत्ता लाग्छ पनि भन्न सकिन्छ।

र साथमा मनमा के कुदेर राख्न पर्छ भने हामीले भेट्ने सबैजना पनि अगिल्लो जन्मदेखी बुद्धसँग "संबन्ध" राखेकाहरु नै हुन भनेर।

सामाजिक कार्य गर्दा एकअर्कासँग राम्रो संबन्ध राख्न अरुलाई सम्मान दिन जरुरी हुन्छ भनिन्छ तर यो सोचेभन्दा गाह्रो कुरा हो। तेसैले "यो मान्छेले अगिल्लो जन्ममा धेरै बुद्धलाई पुजेर कामना प्राप्त गरेको" भन्ने सोचाइ राखेमा तेत्तिकै अरुलाई आदर गर्न सकिन्छ।

अबस्य पनि कोहिकोही बुद्धको कामनालाई बिर्सेर बुद्धपथबाट भड्किएका पनि हुन्छन। तर एस्ता मानिसलाई पनि "बुद्धसँगको संबन्ध" छ भन्ने कुरास सम्झिने गरी बुझाउने कोशीस गर्नु पर्छ। मैले सधै "एकले अर्को एकलाई मिचिबिकि" गर्नु पर्छ भनेर सुझाब दिएको पनि एसैकोलागि हो।

यसरी यो संसारमा "अफु पनि बुद्ध अरु पनि बुद्ध" भन्ने नाता बढ्दै गयेमा सजिलै यो संसार शान्ति क्षेत्र (बुद्ध क्षेत्र) बन्नेछ।

सबैजनाले यो कुरा मनन गरेर यो उपदेशलाई अभ्यास गर्ने कोशीस गरेर बुद्धसँगको संबन्ध गहिरो बनाउन सकुन भनेर कामना गर्दछु।

निक्क्यो निवानो हेसेई धर्म संग्रह १ "बोधि अंकुरण" पृष्ठ ५८-६०



# शाक्यमुनिको जमनामा फर्किंदा

Rev. Keiichi Akagawa
Director, Rissho Kosei-kai International

जापानमा अधिक गर्मी र अधिक बर्ष भएको थियो तर अहिले पुरानो पात्रो अनुसार त शरद ऋतु भैसके पनि अझै गर्मी छ। तपाईंहरु बस्ने ठाउँम के कस्तो छ त ?

अध्यक्षले यो महिना "सुत्तनिपत्त" मा भएको एक कथालाई भनेर " मनको खेती जारी गरी आफ्नो बुद्धत्वलाई उत्खनन गरेमा शान्तिसँग जोडिन्छ" भनेर उपदेश दिनुभएको छ। जमिन्दार ब्राह्मणलाई मनको खेती गर्नु कती महत्वपुर्ण हुन्छ भन्ने कथामा शाक्यमुनिको जमानाको भारतको कुरा बिष्तृत छ।

म २०१० अप्रिल ९ देखी २२ सम्म हाम्रो संस्थाले आयोजना गरेको "३४औ बुद्ध तिर्थ" को एक सदस्य भएर भारतको बिहारमा शाक्यमुनिसँग संबन्धित ठाउहरु भ्रमण गरेको थिए। बुद्धस्थानको संरक्षण भन्ने कुराले गर्दा बिकासबाट अल्ली टाढा भएका यि ठाउँहरु बसको झ्यालबाट हेर्द २६०० बर्षअघि पुगेको भान भएर शाक्यमुनिले खाली खुट्टाले  हिडेका ठाउ  एही हुन भनेर सोच्दा रोमन्चित भएको थिए। बिशाल खेतहरु देख्दा "सुत्तनिपत्त" को कथामा भएका संबादलाई महसुश गर्न सकेको भान भएको थियो।


भारतको त्यो भ्रमणलाई सोच्दै यो अंकको उपदेश पढ्दा मनको खेती गर्नेको अर्थ के हो भनेर फेरी बुझ्न सके। यो महिना "मनको खेती जारी गर्ने" "बुद्धत्व उत्खनन गर्ने" भन्ने कुरा मनन गर्दै हरेक दिन बिताउन सकौ भन्ने लागेको छ।




*२०२४ जुलाई १४मा कोरिया मन्दिरमा "प्रशिक्षक तालिम" पछी अरु सदस्यसँग "अघिल्लो पंक्ती बिचमा निर्देशक आकागावजि)*




# A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**X**

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp